नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ | अंक १३९ | २०७९ साल पुस १५ गते शुक्रबार | (30 Dec. 2022 Friday) | मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

### डेंगीबाट बचौं

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असहय् पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

*यस अंक भित्र :* २ पृष्ठमा : तन्नेरीमा बढ्दो हृदयघातेका. ३ पृष्ठमा : चालक अनुमतिपत्र छपाइका ... ३ पृष्ठमा अमेरिकामा अठचालिस हजार ...

# शितलहर चलेपछि विपन्न वर्ग मारमा
# छिन्नमस्तामा ब्ल्याङकेट बितरण कार्य सुरु






**दैनिक समाचारदाता**
**राजविराज, १४ पुस ।**

केही दिनदेखी शितलहर चलेपछि जनजीवन कष्टकर बनेको छ। बिहानैदेखी बाक्लो हुस्सु र चिसो हावाका कारण स्थानीयको दैनिक जीवन कष्टकर बनेको हो। शितलहर बढेपछि सार्वजनिक स्थलमा दाउरा बालेर आगो ताप्नेक्रम पनि बढेको छ।

दिउँसो भन्दा विहान र बेलुका धैरै चिसो महशुस हुने गरेको छ। विहानैदेखी चल्ने शितलहर र हुस्सुका कारण घरबाट मानिस कमै निस्किदा सडकमा चलहपहल निकै घटेको छ। अस्पताल तथा स्वास्थ्य चौकीहरुमा दम, झाडापाखा, रुघाखोकीका विरामीको चाप समेत बढेको स्वास्थ्यकर्मीहरु बताउँछन्।

यसैबीच छिन्नमस्ता गाउँपालिकाले विहीवारदेखी आफ्नो पालिका क्षेत्र भित्रका विपन्न वस्तीका दलित, एकल महिला र जेष्ठ नागरिकलाई चिसो छल्न ब्ल्याङ्केट वितरण गरेको गाउँपालिका अध्यक्ष विद्यानन्द चौधरीले जानकारी दिएका छन्।

उनले चिसोबाट बच्नका लागी गाउँपालिकाले बिहीबारदेखि गाउँपालिका भित्रका दलित, एकल, विधवा र ज्येष्ठ नागरिक तथा महिलाहरुलाई न्यानो ब्ल्याङकेट वितरण गर्ने कार्य सुरु गरेको बताउँदै पहिलो दिनको वडा नं. ४ लालापट्टीबाट ब्ल्याङकेट वितरण कार्य सुरु गरिएको र क्रमश यस कार्यलाई निरन्तरता दिँदै गाउँपालिकाको सात वटै वडाहरुमा वितरण गरिने छ।

यता चिसोबाट विशेष गरी अतिविपन्न, मुसहर र दैनिक ज्यालादारी गरेर गुजारा चलाउने परिवार सबै भन्दा बढी प्रभावित भईरहेका छन। मजदुरहरु काममा जान पाएका छैनन भने घरमै वस्नु पर्दा हातमुख जोर्ने समस्या भइरहेको राजविराज नगरपालिका ९ मलेठ स्थित दलित वस्तीकी पवित्रा देवीले गुनासो पोखिन। शरीर ढाक्ने पर्याप्त न्यानो लुगा नरहेको तथा अर्कोतिर अत्याधिक चिसोले काममा जान नपाउँदा हात मुख जोर्न उनीहरुलाई समस्या भएको छ।

बाक्लो हुस्सुले भिजीविलीटी कम भएपछी पुर्वपश्चिम राजमार्गसहित बजार र ग्रामिण क्षेत्रको भित्री सडकमा चल्ने सवारी साधन विहान र दिउसै पनि बत्ति बालेर गुडिरहेका छन्। ट्राफिक प्रहरीले पनि यस्तो मौसममा सावधानी अपनाएर सवारी साधन गुडाउन अनुरोध गरिरहेको छ।

चिसो कै कारण क्षति नहोस भन्ने उद्देश्यले क्षती न्युनिकरण गर्न आवश्यक उपायका लागी जिल्लाका सबै स्थानीयतह सँगको समन्वयमा आवश्यक तयारी अघि बढाइएको स्थानीय प्रशासनले जनाएको छ।

यता जाडोबाट जोगिन न्यानो कपडा लगाउन, तातो झोलिलो खानेकुरा खान र अत्यावश्यक काम बाहेक बाहिर ननिस्कन गजेन्द्र नारायण सिह अस्पतालका पुर्व मेडिकल सुपरिटेन्डेन्ट समेत रहेका डा.मुरली प्रसाद सिंहले सुझाव दिएका छन्।

## सरकारमा सामेल बारे अन्तिम निर्णय आगामी बैठकबाट हुने : मण्डल



**दैनिक समाचारदाता**
**राजविराज, १४ पुस ।**

जनता समाजवादी पार्टी ( जसपा) नेपालका राजनीति समिती सदस्य अमरनाथ मण्डलले वर्तमान सरकारमा सामेल हुने/नहुनेबारे अन्तिम टुंगो आगामी बैठकबाट मात्र लगाइने बताएका छन्।

विहीवार राजविराजमा संचारकर्मीहरुसित कुरा गर्दै उनले बर्तमान सरकालाई सर्मथन दिएपनि सहभागिताबारे अहिले कुनै निर्णय नभएको बताए। उनले भने, आगामी पुष १८ र १९ गते काठमाडौंमा वस्ने पार्टीको राजनीति समितीको बैठकबाट मात्र सो बारे अन्तिम निर्णय लिइने जानकारी दिए।

वर्तमान मन्त्रीमण्डलमा शक्ती सन्तुलनको आधारमा जसपाले सम्मानजक स्थान पाउनु पर्नेमा जोड दिएका उनले सरकारको नेतृत्व पंक्तीले सर्मथन गरेका दलहरुको एजेन्डा समेटेर साझा अवधारणा पत्र ल्याउनु पर्ने र जसपाले उठाउँदै आएको माग र मुदा त्यसमा प्राथमिक्ताका साथ समेटिनु पर्ने बताए। जसपा मधेश प्रदेशको प्रचार प्रसार विभाग प्रमुख समेत रहेका उनले पार्टीको केही जिल्लामा नेतृत्व परिवर्तन हुन सक्ने संकेत पनि गरे।

उनले पार्टी संगठन सुदृढिकरणका लागी केही जिल्लामा नेतृत्व परिवर्तन लगायत अन्य के कस्ता रणनीतीहरु ल्याउनु पर्छ भन्ने सवालमा आफ्नो पुर्ण सर्मथन रहने भनी जसपा अध्यक्ष यादवले पनि स्पष्ट दिशा निर्देश गरिसकेको बताए।

### जग्गा बिक्रिमा

राजविराज वडा नं. ६ थानगाछी स्कुलको दक्षिण पट्टीको जग्गा विक्रीमा छ। जग्गाको तिनै भागमा १२ फिटको बाटो भएको घर सहितको जग्गा लिने इच्छुक व्यक्तिले सिन्हा लँज राजविराजमा सम्पर्क गर्नुहुन अनुरोध छ।

**सम्पर्क नं. ०३१-५३०४३४**

# अत्याधुनिक ओसिटी तथा मायोपिया मेशिनबाट आँखाको उपचार शुरु




**दैनिक समाचारदाता**
**राजविराज, १४ पुस ।**

सगरमाथा आँखा अस्पताल प्रा.लि.ले आधुनिक ओसिटि ( अप्टिकलको हरेन्सटोपोग्राफी) मेशिनबाट आँखाको उपचार बिधी सुरु गरेको छ।

अस्पतालका मेडिकल सुपेरिन्टेन्डेन्ट डा.आशिषराज पन्तद्वारा जारि विज्ञप्तिमा आँखाको भित्रि भागको स्क्यान गरि पूर्णकालिन रुपमा उपचार गर्ने बिधीको सुरुवात गरिएको उल्लेख छ।

अत्याधुनिक ओसिटिमेशिन बाट आँखाको एन्टेरियर तथा पोष्टेरियर भागको परीक्षण स्क्यान कार्य सफलतापूर्वक सम्पन्न भई पूर्णरुपमा उपचारमा ल्याइएको उनले विज्ञप्तिमार्फत जानकारी दिएका छन्।

अस्पतालका अनुसार सप्तरी जिल्लामा यो मेशिन पहिलो पटक सगरमाथा आँखा अस्पतालमा जडान गरिएको दाबी गरिएको छ।

यस बिधीले आँखामा ग्लुकोमा, कोनिर्या तथा रेटिनाको विरामीको समस्या पत्ता लगाउन ओसिटि मेशिनबाट स्क्यान गरी रोगको बारे पहिचान गर्न मद्दत पुर्याउँछ।

डा. पन्तका अनुसार वर्तमान समयमा हामी मोबाईल, टिभि, ल्यापटपलगायतका डिजिटल सामग्रीसंग जतिघनिष्ट सम्बन्ध बनाउँदै जान्छौ त्यति नै आँखामा

*बाँकी अन्तिम पृष्ठमा*

## आँखा स्वास्थ्यको लागि उत्कृष्ट उपचार
## तपाईकै सहर राजविराजमा





आँखा सम्बन्धि उत्कृष्ट सेवाका लागि सहज र सुलभ उपचारलाई मध्यनजर गरी नेपालकै दक्ष, अनुभवी तथा वरिष्ठ नेत्र विशेषज्ञहरुको सेवा अब उपरान्त **सगरमाथा आँखा अस्पताल प्रा.लि.**, रुपनी रोडमा उपलब्ध हुने सहर्ष जानकारी गराउँदछौं।

**पुष मसान्तसम्म फेको प्रविधिद्वारा मोतिबिन्दुको शल्यक्रियामा २०% छुट तथा ज्येष्ठ नागरिकहरुका लागि OPD FEE निःशुल्क**

***हाम्रा विशेषताहरु***

१. अनलाईन नाम दर्ताको सुविधा,
२. अत्याधुनिक फेको प्रविधिवाट मोतिया बिन्दुको शल्यक्रिया,
३. बिना सुई फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
४. एकै दिनमा शल्यक्रिया गराई डिस्चार्ज सेवाको व्यवस्था (Day Care)
५. सुख्खा आँखाको उपचार
६. कोर्निया अल्सर तथा आँखाको नानी प्रत्यारोपणको सम्बन्धि विशेषकृत सेवा
७. दृष्टिपर्दा उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
८. आँखाको बनावट तथा सौन्दर्यता कायम राख्नकालागि अकुलोप्लाष्टिको विशेषकृत सेवाहरु
९. जलबिन्दुको उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
१०. बच्चाको आँखा जाँचका सेवाहरु
११. वरिष्ठ दृष्टि विशेषज्ञद्वारा आँखाको पावर जाँच
१२. B-Scan/VisualField/OCT/Airpuff tonometer/Auto Refractometer लगायतका diagnostic सुविधाहरु

**सगरमाथा आँखा अस्पताल प्रा.लि.**

**राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :- ९८०५७११२२२**

**बिरामी जाँचको समय :** बिहान ८:३० देखि ५:०० बजेसम्म

# तन्नेरीमा बढ्दो हृदयघातको समस्या

काठमाडौं, १४ पुस (रासस)। तन्नेरी अवस्थामा नै मानिसमा अहिले बढी हृदयघात हुने गरेको पाइएको छ। मानिस तन्नेरी अवस्थामा नै निष्क्रिय जीवनशैली, चुरोट, सुर्ती तथा खैनीको अत्यधिक सेवन, मोटोपनाका कारणले हृदयघातको समस्या बढिरहेको छ। शहीद गङ्गालाल राष्ट्रिय हृदय केन्द्रका निर्देशक डा चन्द्रमणि अधिकारी हृदयघात हुने १२ प्रतिशत ४५ वर्षमुनिका युवा रहेको बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, "युवाहरूमा बढ्दै गएको चुरोट तथा सुर्ती सेवनको कारणले हृदयघातको समस्या बढ्दै गएको छ। खासगरी ४५ वर्ष मुनिका २० प्रतिशत युवामा हृदयघात चुरोट र सुर्ती सेवन मुख्य कारक देखिएको छ।"

उहाँका अनुसार अहिले अस्पतालमा हृदयघात भएर आउने धेरै युवा चुरोट र सुर्ती सेवनका कारण भएको पाइन्छ। चुरोट र सुर्तीबाहेक युवामा बढ्दै गएको अस्वस्थ्य खानपान, मोटोपना, तनावजस्ता कारणले पनि युवा उमेरमा नै हृदयघात हुने गरको उहाँको तर्क छ। चुरोट र सुर्तीका अलवा हृदयघात वंशाणुगतका कारण पनि हुने गरेको चिकित्सकहरू बताउँछन्। चिकित्सकका अनुसार ४५ वर्ष कटेपछि जो कोहीले पनि वर्षमा एकपटक तथा धूममान गर्ने, कोलेस्ट्रोल बढी र मोटोपना भएका मानिसले भने एकपटक मुटुको जाँच गराउन आवश्यक हुन्छ।

खासगरी पुरुष ५५ र महिला ६५ वर्ष नाघेपछि, उच्च रक्तचाप, मधुमेह, कोलेस्ट्रोल मोटोपना, हर्मोन, चिल्लो खानापन, तनाब कारणले हृदयघात हुने गरेको पाइन्छ।

**जाडोमा हृदयघात बढी**

जाडोमा हर्मोनको कारणले पनि हृदयघात हुनसक्छ। बिहान ८ बजेतिरको समयमा बढी हुने गर्दछ। शरीरमा हर्मोन बनिरहेका हुन्छन्। जाडो मौसममा बिहानको समयमा हर्मोनको सक्रियता धेरै हुनेगर्छ।

हर्मोनको सक्रियता धेरै हुँदा उच्च रक्तचाप बढ्ने, मुटुको चाल बढ्ने हुन्छ। चिसो समयमा बेलामा मुटुको नशा साँघुरिएको छ भने मुटुको चाल बढ्दा मुटुलाई रगत पुग्दैन र त्यसलाई थाम्न नसक्दा हृदयघात हुने गरेको केन्द्रका वरिष्ठ मुटुरोग विशेषज्ञ डा दिपङ्कर प्रजापति बताउनुहुन्छ। "हर्मोन सक्रिय हुँदा बिहानीपख उच्च रक्तचाप हुने, मुटुको चाल बढ्ने जस्ता कारणले मुटुको नशा साँधुरो छ भने मुटुको चाल बढेको बेला रगत पुग्दैन," उहाँले भन्नुहुन्छ,"मुटु रोगीलाई बिहानको हिँडाइमा हृदयघात हुने सम्भावना बढी हुन्छ।"

यस्तै धेरैजसो आत्तिने, झगडा गर्ने बेला पनि मुटुको चाल र उच्च रक्तचाप भएर मानिसमा हृदयघात हुने गरेको केन्द्रका वरिष्ठ मुटुरोग विशेषज्ञ डा प्रिजापतिले जानकारी दिनुभयो। हृदयघातबाट बच्नका लागि चुरोट र सुर्ती खान कम गर्ने, उच्चरक्तचाप घटाउने, मधुमेह नियन्त्रण, कोलेस्ट्रोल नियन्त्रण, तनाव नियन्त्रण र मोटोपना कम गर्नुपने चिकित्सकहरूको सुझाव छ।

**व्यायाम गर्नेमा कम हृदयघात**

नियमित व्यायाम गर्ने मान्छेमा भन्दा व्यायाम नगर्ने मान्छेमा हृदयघात हुने सम्भावना रहेको केन्द्रका कार्यकारी निर्देशक डा अधिकारीले बताउनुभयो। उहाँका अनुसार सय जना व्यायाम गर्ने मान्छेमा एक जनालाई जीवनभर हृदयघात हुन्छ भने व्यायाम नगर्ने मानिसमा सय जनामा १० जनामा हृदयघात हुनसक्दछन्।

केन्द्रले तीन सय ४० जनामा गरेको अध्ययनमा हृदयघात भएका ८८ प्रतिशतलाई छाती दुखेको थाहा भएको र २४ प्रतिशतले रोग मुटुको हो भन्ने थाहा पाउने गरेको पाइएको छ। नेपालीहरू छाती दुखे भने ढिलो उपचारका लागि आउने गरेका उहाँले बताउनुभयो।अध्ययनअनुसार ९२ प्रतिशत मानिस नजिकैको स्वास्थ्य चौकीमा पुगेको पाइन्छ।

**लक्षण कसरी थाहा पाउने ?**

छाती भारी जस्तो हुने, छातीमा ढुङ्गा राखेको जस्तो लाग्छ, अलिकति हिँड्यो भने त्यो दुखाई बढ्न जान्छ र आराम गऱ्यो भने कम हुन्छ। यस्तो हुनु भनेको नशा साँधुरो हुनु हो र मुटुलाई रगत पुगेको छैन भन्ने थाहा हुन्छ।

हृदयघात हुने बेला रगत मुटुमा जान पाउँदैन। हृदयाघात भनेको मुटुमा रक्तसञ्चार नहुनु हो। त्यतिबेला दुखाई निरन्तर भइरहन्छ र आराम गर्दा पनि कम हुँदैन।

**दैनिक पाँच जना हृदयघातका बिरामी**

केन्द्रका निर्देशक डा अधिकारीका अनुसार दैनिक सात सय जना बहिरङ्ग सेवामा मुटुका बिरामी आउने गर्दछन् भने आकस्मिक कक्षमा ५० भन्दा बढी मुटुका बिरामी आउने गर्दछन्। उहाँका अनुसार दैनिक पाँच जना हृदयघातका बिरामी अस्पतालमा आउने गरेका छन्। अस्पतालमा हृदयघातका बिरामी २४ घण्टाभन्दा पछि आउने गरेका छन्। उहाँ जतिछिटो बिरामी अस्पतालमा आए त्यति नै मुटुको नशा खोलेर मांसपेशीमा रगत सञ्चालन गर्न सकिने बताउनुहुन्छ। हृदयघात भएका बिरामी १२ घण्टाभित्र अस्पतालमा आउने सके बचाउन सकिने उहाँको भनाइ छ।

केन्द्रले हृदयघात भएका बिरामीलाई २४ घण्टा नै एन्जियोप्लाष्टी (मुटुको नशा खोल्ने प्रविधि) गरेर बचाउने गर्दछ। हृदयघात भएर आएको एक घण्टाभित्रमा बिरामीको एन्जियोप्लाष्टी गर्न सकिन्छ।

एउटा एन्जियोप्लाष्टी गर्नेका लागि एक लाख ५० हजार खर्च लाग्ने गर्दछ। तर तिर्न नसक्ने गरिब असाहयका लागि केन्द्रले विगत दुई वर्षदेखि भने निःशुल्क एन्जियोप्लाष्टी गर्ने गरेको छ। "हृदयघात भएको मानिसको मुटुमा रगतको आपूर्ति बन्द भएपछि मुटु दुख्न थाल्दछ। मुटुको मासु मरिसकुन्जेल छाती दुख्ने गर्दछ। केन्द्रले प्राइमरी एन्जियोप्लाष्टी गरेका बिरामीलाई चार/पाँच दिनमै अस्पतालबाट घर पठाउने गरेको छ।

केन्द्रमा २४ घण्टा नै हृदयघात भएका बिरामीको प्राइमरी एन्जियोप्लाष्टिक गर्नका लागि १५ जना जनशक्तिसहित चार वटा शल्यक्रिया थ्रेयटर ( क्याथल्याब) तयारी अवस्थामा राखिएको हुन्छ। केन्द्रमा प्रत्येक महिना ५० जनाको प्राइमरी एन्जिओप्लास्टिक गरेर हृदयघात भएका बिरामीलाई बचाउने गरेको उहाँले बताउनुहुन्छ। केन्द्रमा सन् २००६ देखि एन्जिप्लास्टिक हुँदै आएको छ।

पहिलो पटक हृदयघात हुँदा १०० जनामध्ये २३ जनाको मृत्यु अस्पताल नपुग्दै हुनेगर्दछ। हृदयघात भएर अस्पताल आएका बिरामीमध्ये सात प्रतिशतको अस्पतालमै मृत्यु हुने गरेको छबरि। विगत १० वर्षको तथ्याङ्क हेर्दा अस्वस्थ्य खानपान र जीवनशैलीमा आएको परिवर्तनले हृदयघात हुनेको सङ्ख्यामा दोब्बर वृद्धि भएको छ।

गङ्गालालमा सन् २०१२ मा चार सय ९५ जनामा हृदयघात भएका थिए भने सन् २०१८ मा तीन गुणा बढेर एक हजार चार सय ६० पुगेको थियो। उहाँका अनुसार २०२० मा एक हजार छ सय ९८ र सन् २०२१ मा दुई हजार दुई सय ७३ जना अस्पतालमा भर्ना भएका छन्। विगत १० वर्षको तथ्याङ्क हेर्ने हो भने मुटु रोगका बिरामीमध्ये ५० प्रतिशत त हृदयघात भएका बिरामी मात्र नै छन्।

# मधेस प्रदेशमा सरकार गठनको चहलपहल बढ्यो

धनुषा, १४ पुस (रासस)। सङ्घीय सरकारमा भएको नयाँ सत्ता समीकरणको प्रभाव मधेस प्रदेश सरकार गठनमा समेत पर्ने भएको छ। नयाँ सत्ता गठबन्धनअनुसार मधेस प्रदेशमा सरकार गठन गर्न चाहिने न्यूनतमभन्दा बढी सिट पुगेको अवस्था रहेको भए पनि सरकारको नेतृत्वबारे अझै टुङ्गो लागेको छैन।

प्रदेशमा सत्ता घटक नेकपा (एमाले) प्रत्यक्ष र समानुपातिक गरी २३ सहित ठूलो दल बनेको छ। जनता समाजवादी पार्टीसित १६, जनमत पार्टीसित १३, नेकपा (माओवादी केन्द्र) सित आठ तथा राष्ट्रिय प्रजातन्त्र पार्टी र नागरिक उन्मुक्ति पार्टीसँग एक/एक सिट छ। सङ्घमा सत्ता साझेदार राष्ट्रिय स्वतन्त्र पार्टीको भने प्रदेशमा प्रतिनिधित्व छैन।

मधेस प्रदेशमा प्रत्यक्षतर्फ ६४ र समानुपातिकतर्फ ४३ गरी एक सय सात प्रदेशसभा सदस्य छन्। सरकार बनाउन ५४ सिट आवश्यक पर्छ। सङ्घीय सरकारमा सहभागी राजनीतिक दलको मधेस प्रदेशमा ६२ सिट पुग्छ। यसरी हेर्दा मधेस प्रदेशमा सत्ता गठबन्धनलाई आवश्यकताभन्दा आठ सिट बढी भएकाले सरकार बनाउन सहज छ।

यता स्वतन्त्रबाट पनि छ जनाले जितेका छन्। अहिलेको सत्ता गठबन्धनमध्येकै दलबाट असन्तुष्ट अधिकांशले स्वतन्त्रबाट जितेका हुन्। सरकारमा उनीहरू पनि सहभागी हुने अनुमान गरिएको छ। प्रदेशमा २२ सिटसहित दोस्रो दलको रुपमा रहेको नेपाली कांग्रेस प्रमुख प्रतिपक्षी भूमिकामा जाने देखिएको छ। यहाँ लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नौ र नेकपा (एकीकृत समाजवादी) ले सात सिट प्राप्त गरेका छन्।

**संसदीय दलको नेताको आकाङ्क्षी बढे**

प्रदेशसभा सचिवालयले यही पुस १५ गते शुक्रबार प्रदेशसभा सदस्यहरूको शपथग्रहण कार्यक्रम तय गरिसकेको छ। प्रदेशसभा सचिवालयका सचिव रञ्जितकुमार यादवका अनुसार संविधानअनुसार निर्वाचनको अन्तिम परिणामको २० दिनभित्र शपथग्रहण र ३० दिनभित्र सरकार गठन गसिक्नुपर्छ। तर प्रदेशमा प्रतिनिधित्व कायम भएका १० राजनीतिक दलमध्ये हालसम्म कुनै पनि दलले संसदीय दलको नेता चयन गर्न सकेका छैनन्।

एमालेका मधेस प्रदेश सहइन्चार्ज सुमनराज प्याकुरेलले गठबन्धन दलको सहमति र समीकरणमा नै प्रदेश सरकार नेतृत्वको टुङ्गो लाग्ने जानकारी दिनुभयो। एमाले प्रदेश संसदीय दलको नेता यसै साताभित्र छनोट गर्ने गृहकार्य भइरहेको उहाँले बताउनुभयो।

एमालेमा प्रदेश संसदीय दलको नेता बन्ने आकाङ्क्षी पनि थपिँदै गएका छन्। एमालेभित्र रामचन्द्र मण्डल, सरोजकुमार यादव, राजकुमार लेखी थारु, हरिनारायण महतो, महम्मद समिर र शारदादेवी थापा दलको नेता बन्न आकाङ्क्षी हुनुहुन्छ।

त्यसैगरी जसपा वा जनमत पार्टीको नेतृत्वमा पनि प्रदेश सरकार बन्न सक्ने आकलन गरिएको छ। जसपामा पाँच वर्ष मुख्यमन्त्री रहिसक्नुभएका लालबाबु राउत तथा सरोजकुमार यादव, मनिषकुमार सुमन र रामआशिस यादव दलको नेता बन्न आकाङ्क्षी छन्।

जनमतमा पनि सतीशकुमार सिंह, महेशप्रसाद यादव, त्रिभुवन साह, चन्दनकुमार सिंह र वसन्तकुमार कुशवाहालगायत दलका नेताका लागि आकाङ्क्षी देखिनु भएको छ। दलको नेता छान्न सकस देखिएपछि सोको जिम्मेवारी पार्टी अध्यक्ष डा सीके राउतलाई दिइएको छ।

यता प्रदेशमा दोस्रो ठूलो दल नेपाली कांग्रेसले दलको नेता छान्न समिति नै गठन गरेको छ। कांग्रेसमा रामसरोज यादव, रामकृष्ण यादव, वीरेन्द्र सिंहलगायत आकाङ्क्षी छन्। अन्य दल पनि दलको नेता छान्न गृहकार्यमा लागेका छन्।

**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं।

अनुरोधकर्ता
छिन्नमस्ता गाउँपालिका, सप्तरी

# चालक अनुमतिपत्र छपाइका लागि मास प्रिन्टर खरिद गरिँदै

काठमाडौँ, १४ पुस (रासस)।

सेवाग्राहीले लामो समयसम्म पनि चालक अनुमतिपत्र नपाउने समस्या हटाउन सरकारले नयाँ 'मास प्रिन्टर' (ठूलो क्षमताको छपाइ उपकरण) खरिदका लागि प्रक्रिया अघि बढाएको छ।

हाल सञ्चालनमा रहेको जस्तै नयाँ प्रिन्टर खरिद गर्न लागिएको हो। अहिले माग र आपूर्तिबीचमा ठूलो अन्तर भएकाले 'मास प्रिन्टर' खरिद गर्न लागि यातायात व्यवस्था विभागले जनाएको छ।

केही वर्षदेखि सेवाग्राहीले फारम भरेको वर्षदिनसम्म पनि चालक अनुमतिपत्र नपाउने अवस्था छ। चालु आर्थिक वर्षमा बजेट विनियोजन भएकाले बोलपत्र आह्वानका लागि प्रक्रिया अघि बढेको विभागका प्रवक्ता ईश्वरीदत्त पनेरुले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "नयाँ उपकरण खरिदका लागि प्रक्रिया भइसकेको छ र अर्को मेसिन आएपछि समस्या समाधान हुनेछ।"

सार्वजनिक खरिद प्रक्रियाका लागि केही समय लाग्नसक्ने उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "छिटो भएमा पनि चारदेखि पाँच महिना लाग्नसक्छ।"

संविधानअनुसार अनुमतिपत्र सम्बन्धी सबै अधिकार प्रदेश सरकारको भए पनि प्रदेश आफैँले नसक्दासम्मका लागि भनेर केन्द्र सरकारले छपाइ गरिरहेको प्रवक्ता पनेरुको भनाइ छ। प्रदेशहरूले आफैँ छाप्नुपर्ने भए पनि अहिलेसम्म कुनै प्रदेशले पनि काम सुरु गरेका छैनन्। उहाँले भन्नुभयो, "यसको कार्यक्षेत्र प्रदेश सरकारको हो विभागले सहजीकरण गरेको हो।"

माग र आपूर्तिबीचको सन्तुलन नभएकाले समस्या भइरहेको भएको विभागले जनाएको छ। विभागले दैनिक साढे चार हजार अनुमतिपत्र छाप्न सक्ने हुँदा माग सात हजार थियो। एउटा मात्रै 'मास प्रिन्टर' भएकाले सबै सेवाग्राहीले तत्काल अनुमतिपत्र पाउने अवस्था नभएको रहेको प्रवक्ता पनेरुले बताउनुभयो। अनुमतिपत्र छपाइमा समस्या बढिरहकाले गत आवमा उपकरण किन्न विभागले बजेट माग गरेको थियो।

नयाँ आउने उपकरण अहिले सञ्चालनमा रहेको उपकरणसँग काम मिल्ने किसिमको चाहिने प्रवक्ता पनेरुले बताउनुभयो। 'मास प्रिन्टर' खरिद भएपछि पर्सनालाइज हुनुपर्ने उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "दुवै उस्तै हुनुपर्छ। यी दुई मेसिन फरक-फरक हुनुहुँदैन।" अहिले विभागमा एउटा मात्रै उपकरण रहको र त्यसबाट अधिकतम काम लिइरहेको विभागले जनाएको छ। अहिले पनि दैनिक १६ घण्टा मेसिन चलाइएको उहाँले जानकारी दिनुभयो।

नयाँ मेसिन आएपछि आवश्यकताअनुसार छपाउन सकिने हुँदा सेवाग्राहीले तुरुन्त अनुमतिपत्र पाउने अवस्था आउने विभागको दाबी छ। सबैभन्दा पहिले अहिले छापिन बाँकी झण्डै एक लाख अनुमतिपत्र छाप्नुपर्ने हुन्छ।

नेपालमा विसं २०७२ पुसदेखि एकान्तकुनास्थित कार्यालयबाट 'स्मार्ट' चालक अनुमतिपत्र सुरु भएको थियो। एशियाली विकास बैंकको सूचना र सञ्चार प्रविधि (आइसिटि) परियोजनअन्तर्गत भएको सम्झौताका आधारमा चार छपाइ उपकरण (प्रिन्टर) र तीन लाख ५० हजार कार्ड खरिद गरिएको थियो। त्यसपछिका वर्षमा उपत्यकामा रहेका अरु यातायात कार्यालय ठूलो भत्याङ, जगाती र चावहिल कार्यालयमा उक्त प्रणाली विस्तार गरिएको थियो।

उपत्यकामा मात्रै 'स्मार्ट' चालक अनुमतिपत्र सुरु भइरहँदा नै उपकरण र कार्ड व्यवस्थापन हुन नसक्दा सेवाग्राहीले समयमै अनुमतिपत्र पाएका थिएनन्। उपत्यका बाहिरका कार्यालयमा सेवा विस्तार हुँदा समस्या अझै बढेको थियो।

आव २०७३/७४ मा ठेक्कामार्फत् सात लाख ५० जहार कार्ड र चार थान छपाइ उपकरण खरिद गरिएको थियो। प्रतिघण्टा ६० कार्ड मात्र छाप्ने क्षमताका उपकरणका कारण विस्तारै छाप्नुपर्ने अवस्था सिर्जना भएको थियो।

विभागले विसं २०७६ मा धेरै सङ्ख्यामा एकै पटक कार्ड छाप्न सक्ने उपकरण खरिद गरेको थियो। मदरास सेक्युरिटी प्रिन्टिङबाट खरिद गरिएको उपकरणको क्षमता प्रतिघण्टा ४५० कार्ड छाप्ने छ। जुन अहिले विभागमा सञ्चालनमा छ। साना क्षमताका अरु प्रिन्टर भने अहिले सञ्चालनमा नरहेको प्रवक्ता पनेरुले जानकारी दिनुभयो।

देशभरका सबै कार्यालयबाट 'स्मार्ट' कार्ड लागू भएपछि झण्डै आठ लाख कार्ड छाप्न बाँकी भएकामा २०७६ चैतदेखि सरकारले बन्दाबन्दीले गर्दा यातायातका कर्मचारीले छपाइ सकेका थिए। त्यसपछि पुनः विसं. २०७७ साउनमा पुनः प्रक्रिया अघि बढाएर फ्रान्सेली कम्पनीसँग कार्ड खरिदको सम्झौता भएको थियो।

मदरास कम्पनीले कार्ड र 'मास प्रिन्टर' दुवै एउटै कम्पनीले खरिद गर्दा समस्या नआए पनि पछिल्लो पटक फरक कम्पनीबाट खरिद गर्दा समस्या आएको थियो। कम्पनीले पठाएको नमूना यहाँको सफ्टवेयरमा नमिलेकाले लामो समय अनुमतिपत्र छपाई प्रभावित बनेको थियो।

अनुमतिपत्र छाप्न समय लाग्ने मात्रै होइन लामो समय कुरेर पाएका कार्डमा समेत समय समयमा समस्या आइरहेको सेवाग्राही बताउँछन्। केही वर्ष यता यातायात कार्यालयमा सेवाग्राहीको भीड हुने गरेको छ। सेवाग्राहीको भीड व्यवस्थापनका लागि कार्यालयहरूले टोकन प्रणाली लागू गरेको भएपनि भीडभाड कम नभएको देख्न सकिन्छ।

संविधानअनुसार तीन तहका सरकारबीच अधिकारको बाँडफाँट हुँदा अनुमतिपत्रलगायतका यातायात व्यवस्थापनको जिम्मेवारी प्रदेश सरकारको क्षेत्रमा परेको छ। तर अनुमतिपत्रको परीक्षा लिने र वितरण गर्ने एउटा सरकारले र सफ्टवेयर सञ्चालन र छपाई अर्कोले गर्दा समन्वय नहुँदा भने सेवाग्राहीले समस्या भोग्दै आएका छन्।

विभागले 'स्मार्ट' चालक अनुमतिपत्र शुरु गर्दा विभागसँग कम क्षमताका सात प्रिन्टर थिए। तीनको क्षमता प्रतिघण्टा ४० अनुमतिपत्र छाप्ने थियो। तीनका क्षमताले नधानेपछि खरिद भएको 'मास प्रिन्टर' ले क्षमता पर्याप्त हुने अपेक्षा गरिएको थियो।

# २५ बैंकले चार अर्ब ६७ करोड ब्याज फिर्ता गर्नुपर्ने

काठमाडौँ, १४ मङ्सिर (रासस)।

सम्झौताविपरीत बढी प्रिमियम लिएका २५ वाणिज्य बैंकले रु चार अर्ब ६७ करोड ऋणीलाई फिर्ता गर्नुपर्ने भएको छ।

कर्जा प्रवाह गर्दा ऋणीसँग गरिएको सम्झौताविपरीत प्रिमियम थप गरेपछि वाणिज्य बैंकहरूलाई नेपाल राष्ट्र बैंकले नियमविपरीतको प्रिमियम फिर्ता गर्न निर्देशन दिएको हो।

ब्याजदर फिर्ता गर्ने प्रतिबद्धता नजनाए लेखापरीक्षण प्रतिवेदन नै स्वीकृत नगर्ने केन्द्रीय बैंकको अडानपछि बैंकहरू सो रकम फिर्ता गर्न तयार भएका हुन्। राष्ट्र बैंकका प्रवक्ता गुणाकर भट्टले २५ बैंकलाई सो बराबरको रकम फिर्ता गर्न निर्देशन दिइएको जानकारी दिनुभयो।

बैंक तथा वित्तीय संस्थाले प्रत्येक आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन राष्ट्र बैंकबाट स्वीकृत गराउनुपर्छ। उक्त प्रतिवेदन स्वीकृत भएपछि मात्रै लाभांश घोषणा गर्ने र साधारणसभा बोलाउने बाटो खुला हुन्छ। यो वर्ष लेखापरीक्षण प्रतिवेदन पेश गरेका बैंकहरूलाई राष्ट्र बैंकले अनधिकृतरूपमा लिइएको ब्याज यकिन गरी फिर्ता गर्ने प्रतिबद्धतापछि मात्रै प्रतिवेदन स्वीकृत गर्ने नीति लिएको हो।

हालसम्म २५ वाणिज्य बैंकको लेखापरीक्षण प्रतिवेदन स्वीकृत भइसकेको छ। तीमध्ये सबैले रकम फिर्ताको प्रतिबद्धता जनाएका छन्। कृषि विकास बैंकको भने अहिलेसम्म पनि वित्तीय विवरण स्वीकृत नभएकाले सो बैंकले अनधिकृतरूपमा ब्याज लिए/नलिएको वा लिएको भए कति लिएको थाहा हुन बाँकी छ। यो समेत गर्दा यस्तो रकम थप बढ्न सक्ने अवस्था रहेको राष्ट्र बैंकले जनाएको छ।

**कुन बैंकको फिर्ता गर्नुपर्ने रकम कति ?**

राष्ट्र बैंकले उपलब्ध गराएको तथ्याङ्कानुसार एउटै बैंकले रु ४८ करोडसम्म बढी ब्याज असुल गरेको पाइएको छ। सबैभन्दा कम ब्याज रकम असुलेको बैंकले पनि फिर्ता गर्नुपर्ने र रु सात करोडभन्दा बढी रकम फिर्ता गर्नुपर्ने अवस्था छ।

राष्ट्र बैंकका अनुसार एनआइसी एसिया बैंकले रु ४८ करोड, नबिल बैंकले रु ४७ करोड, ग्लोबल आइएमई बैंकले रु ४५ करोड, सिद्धार्थ बैंकले रु ३३ करोड, बैंक अफ काठमाण्डूले रु ३६ करोड, प्राइम कमर्सियल बैंकले रु २६ करोड, राष्ट्रिय वाणिज्य बैंकले रु २५ करोड तथा कुमारी बैंकले रु २० करोड ब्याज फिर्ता गर्नुपर्ने भएको छ।

त्यस्तै सनराइज बैंकले रु १९ करोड, एनएमबि बैंकले रु १६ करोड, नेपाल बैंक, प्रभु बैंक र एभरेष्ट बैंकले रु १५-१५ करोड, लक्ष्मी बैंकले रु १३ करोड, हिमालयन, नेपाल इन्भेष्टमेन्ट र सिटिजन्स बैंकले रु १२-१२ करोड, मेगा, सिभिल र सानिमा बैंकले रु ११-११ करोड, एनसिसी बैंकले रु नौ करोड, सेञ्चुरी र नेपाल एसबीआई बैंकले रु सात-सात करोड फिर्ता गर्नुपर्ने देखिएको छ। त्यसमध्ये सबैले उक्त रकम फिर्ता गर्ने प्रतिबद्धता जनाइसकेका छन्।

**किन फिर्ता भयो लिइसकेको 'ब्याज' ?**

बढ्दो आयात र शोधनान्तर घाटाका कारण नेपालको वित्तीय बजारमा लगानीयोग्य पूँजीको अभाव भएको र बजारमा नयाँ पूँजीको माग भए पनि आपूर्ति हुन नसक्दा बजारको ब्याजदरसमेत बढ्दै गएको छ।

अहिले वाणिज्य बैंकहरूले मुद्दति निक्षेपमा १२दशमलव१३ प्रतिशत ब्याज दिँदै आएका छन्। विकास बैंकहरूले १२दशमलव८५ तथा फाइनान्स कम्पनीहरूले १३ दशमलव३५ प्रतिशतसम्म ब्याजदर निर्धारण गरेका छन्। सबै प्रकारका संस्थाले रेमिट्यान्स निक्षेपमा थप एक प्रतिशत विन्दुले ब्याज दिँदै आएका छन्। मुद्दति निक्षेपसँगै बचत निक्षेपको ब्याजदर पनि स्वतः बढ्ने कारणले बैंकहरूको लागत बढ्दै गएको छ। यसको प्रत्यक्ष असर आधार दरमा पर्दा बैंकहरूको ब्याजदर बढ्दै गएको हो।

आधारदर बढेका कारणले ब्याजदर बढ्नुलाई स्वभाविक नै मानिन्छ। परिवर्तित ब्याजदर प्रणालीअनुसार ऋण लिएका ग्राहकले बैंकको त्रैमासिक आधार दरमा निश्चित प्रतिशत प्रिमियम थपेर ब्याजदर तिर्नुपर्छ। आधारदर बढ्दा ऋणको ब्याजदर स्वतः बढ्दै जान्छ।

तर बैंकहरूले भने बढेको आधार दरमात्रै नभएर प्रिमियमसमेत बढाएर ग्राहकसँग ब्याजदर लिएको भेटिएको छ। यसलाई राष्ट्र बैंकले अनधिकृत भन्दै सम्पूर्ण रकम फिर्ता गर्न भनेको हो।

**वित्तीय संस्थामा पनि समस्या,**

त्यसो त बैंकहरूमा मात्रै नभएर विकास बैंक तथा वित्त कम्पनीमा पनि यस्तै समस्या भए पनि त्यसको यकिन तथ्याङ्क भने छैन। राष्ट्र बैंक वित्तीय संस्था सुपरीवेक्षण विभागका कार्यकारी निर्देशक पिताम्बर भण्डारीले विकास बैंक र वित्तीय संस्थाले बढी प्रिमियम लगाएर ब्याजदर फिर्ता गरे/नगरेको आफूहरूले हेर्ने गरेको र बढी देखिए फिर्ता गराउने गरेको बताउनुभयो। यद्यपि बैंकहरूमा जस्तो ठूलो आकार विकास बैंकहरूमा नभएको उहाँको भनाइ थियो।

"वित्तीय संस्थामा पनि यो समस्या नै नभएको भन्ने त होइन तर बैंकहरूको जस्तो ठूलो समस्याचाहिँ छैन", कार्यकारी निर्देशक भण्डारीले भन्नुभयो, "जुन-जुन संस्थाले ब्याज बढी लिएका छन्, तिनलाई हामीले फिर्ता गर्न भनेका छौँ। सबै संस्था आइनसकेकाले हामीले एकीकृत तथ्याङ्क सङ्कलन गरेका छैनौँ।"

हालसम्म सञ्चालनमा रहेका १७ विकास बैंकमध्ये सातवटा र १५ फाइनान्स कम्पनी (समस्याग्रस्त बाहेक) मध्ये पाँचवटाको मात्रै वित्तीय विवरण राष्ट्र बैंकबाट स्वीकृत भएको राष्ट्र बैंकले जनाएको छ।

## विश्व समाचार

### अमेरिकामा अठचालिस हजार बालबालिकालाई कोभिड संक्रमण

लसएन्जलस, १४ पुस (रासस/सिन्ह्वा)।

संयुक्त राज्य अमेरिकामा हरेक हप्ता कम्तीमा पनि ४८ हजार जना बालबालिकालाई कोभिडको सङ्क्रमण हुने गरेको छ।

पछिल्ला केही हप्ता यस्तो अवस्था देखिएको यहाँका स्वास्थ्य अधिकारीले जानकारी दिएका छन्। उनीहरुका अनुसार पछिल्ला हप्तामा अमेरिकामा बालबालिकामा कोभिडको सङ्क्रमण बढेको पाइएको हो।

अमेरिकन एकेडेमी अफ पेडियाट्रिक्स र अमेरिकी बालबालिका अस्पतालको सङ्गठनले बुधबार यस्तो तथ्याङ्क दिएका हुन्।

यहाँ कोभिड सङ्क्रमण सुरु भएदेखि एक लाख ५२ लाख बालबालिकालाई कोभिडको सङ्क्रमण भएको पनि ती संस्थाले जानकारी दिएका छन्।

ती तथ्याङ्कमा गएका चार हप्तामा मात्र एक लाख ६५ हजार बालबालिका थपिएका हुन्। अमेरिकाका कतिपय राज्यमा अहिले चिसोले निकै सताएको छ। त्यहाँ चिसोका कारण कैयौँ मानिसको ज्यान पनि गएको छ।

यस अवस्थामा यहाँ पछिल्ला हप्तामा बालबालिकामा कोभिडको सङ्क्रमण बढ्दै गएको देखिएको छ। यहाँका स्वास्थ्य अधिकारीले उमेर समूहका आधारमा कोभिड सङ्क्रमितको तथ्याङ्क तयार गरेर विश्लेषण गर्नुपर्ने अवस्था आएको पनि बताएका छन्।

### विवादित समुद्रबारे 'भ्रम निवारण' का लागि सम्वाद थालिने

मनिला, १४ पुस (रासस/एएफपी)।

फिलिपिन्स र चीनले दक्षिण चीन सागरमा 'गलत अनुमान र गलत सञ्चार' हुन नदिन आ-आफ्ना परराष्ट्र मन्त्रालयबीच सिधा संवाद स्थापित गर्ने मनिलाले बिहीबार जनाएको छ।

फिलिपिन्सका राष्ट्रपति फर्डिनान्ड मार्कोसको बेइजिङ भ्रमणका क्रममा चिनियाँ समकक्षी सी चिनफिङसँगको भेटवार्तामा उक्त सम्झौतामा हस्ताक्षर हुने परराष्ट्र मन्त्रालयका एक अधिकारीले पत्रकारसँगको कुराकानीमा बताउनुभयो।

मार्कोसले चीनलाई फिलिपिन्सको समुद्री अधिकारलाई कुण्ठित गर्न नदिने बताउँदै आउनु भएको छ। उहाँका पूर्ववर्ती रोड्रिगो डुटेर्तेले शक्ति राष्ट्र चीनलाई चिढाउने गरी चीनको आलोचना गर्न हिचकिचाउनुभएको थियो।

चीनले स्प्राट्ली टापु वरपरका धेरै खाली भू-भाग पुनः प्राप्त गर्न थालेको समाचार सार्वजनिक भएपछि फिलिपिन्सले गत साता आफ्नो सेनालाई विवादित जलक्षेत्रमा आफ्नो उपस्थिति बढाउन आदेश दिएको थियो।

"पश्चिम फिलिपिन्स सागरमा गलत अनुमान र गलत सञ्चारबाट बच्न, दुवै पक्ष एक सम्झौतामा हस्ताक्षर गर्न सहमत भएका छन्," फिलिपिन्सका एशिया तथा प्रशान्त मामिलाका सहायक मन्त्री निल इम्पेरियलले भन्नुभयो। दुवै देशका विदेश मन्त्रालयबीच विभिन्न तहमा प्रत्यक्ष सम्वाद भइरहेको फिलिपिन्सले जनाएको छ।

मनिलाले फिलिपिन्सको नजिकै पश्चिममा रहेको समुद्रलाई 'वेस्ट फिलिपिन्स सी' भन्ने गरेको छ।

इम्पेरियलका अनुसार सम्झौताले विवाद उत्पन्न भएपछि दुई देशबीच सम्पर्कका लागि 'प्रक्रिया'लाई औपचारिकता दिनेछ।

उहाँले भन्नुभयो, "प्रतिकाको खेल हुनुभन्दा दुई देशबीच सम्पर्कका लागि 'प्रक्रिया'लाई औपचारिकता दिनु उपयुक्त र उत्कृष्ट विचार हो।"

बेइजिङले लगभग सम्पूर्ण दक्षिण चीन सागरमा सार्वभौमिकताको दाबी गर्दै आएको छ र अन्तर्राष्ट्रिय अदालतको फैसलालाई बेवास्ता गरेको छ। फिलिपिन्स, भियतनाम, मलेसिया र ब्रुनाइले यसको केही भागमा आफ्नो दाबी गर्दै आएका छन्।

"सी र अन्य शीर्ष नेतासँगको भेटमा मार्कोसले 'हाम्रो देशको सार्वभौमिकतालाई कायम राख्नुहुनेछ," इम्पेरियलले भन्नुभयो।

"राष्ट्रपति मार्कोसले पश्चिम फिलिपिन्स सागरमा शान्तिपूर्ण र स्थिर स्थिति (शान्ति) चाहनुहुन्छ," उहाँले सम्वादबारे भन्नुभयो।

चीनले दक्षिण चीन सागरमा हजारौँ हेक्टर जमिन चिरेर स्प्राट्ली द्वीपसमूहमा कृत्रिम टापुका लागि नयाँ भूमि सिर्जना गरेर आफ्नो अडानलाई बलियो बनाएको छ। सैन्यीकृत टापुहरूमा रनवे, बन्दरगाह र राडार प्रणालीहरू छन्।

ब्लुमबर्गले गत हप्ता अमेरिकी अधिकारीहरूको स्याटेलाइट तस्वीरहरू उद्धृत गरेको एक रिपोर्टमा स्प्राटलिस, एल्डाड रीफ, ह्वीट्सन रीफ, ल्यान्कियाम के र स्यान्डी केमा नयाँ संरचनाहरू देखा परेका छन्।

मनिलाले उक्त रिपोर्टप्रति गम्भीर चासो व्यक्त गरेको र त्यसको भोलिपल्ट आफ्नो सेनालाई पानीमा आफ्नो उपस्थिति बलियो बनाउन आदेश दिएको जनाएको छ।

चीनको विदेश मन्त्रालयले उक्त प्रतिवेदनलाई 'पूर्णतया आधारहीन' भनेको छ। मार्कोसको जनवरी ३-५ को भ्रमणका क्रममा १४ वटा द्विपक्षीय सम्झौतामा हस्ताक्षर हुने अपेक्षा गरिएको छ।

इम्पेरियलले मार्कोस र पूर्वराष्ट्रपति ग्लोरिया अरोयो, वरिष्ठ मन्त्री र व्यापारिक नेताहरूसहित उहाँको प्रतिनिधिमण्डलले सङ्क्रमणको जोखिम कम गर्न सामुद्री सीमा दावीको 'भ्रमबारे' सम्वाद गर्ने बताउनुभयो।

# लिटिल एन्जेल फाईनलमा प्रवेश




**दैनिक समाचारदाता**
**राजविराज, १४ पुस ।**

क्रिकेट विकास प्रतिष्ठानद्वारा संचालित डब्बल राउन्ड रोबिन क्रिकेट प्रतियोगिता अन्तर्गत बिहीबारको खेलमा लिटिल एन्जेलले पिसल्यान्ड टिमलाई ६ विकेटले पराजित गर्दै फाईनलमा प्रवेश गरेको छ ।

कर्णबहादुर बिकको आक्रमक ब्याटिंगले लिटिल एन्जेल स्कुल लगातार तीन खेलमा जित निकाल्दै फाईनलमा प्रवेश गरेको हो । बिकले २७ वलमा दुई छक्का र ४ चौकाको मद्दतले ५२ रन अविजित खेलेपछि ६ बिकेटले जित हात पार्‍यो । जितका लागि ८८ रनको बिजय लक्ष्य पछ्याएको लिटिल एन्जेलले ११ ओभर ३ बलमा ४ बिकेट गुमाई सो लक्ष्य प्राप्त गर्‍यो ।

लिटिल एन्जेलका गोपाल मण्डल र जेम्स बिक १२/१२ रन बनाएका थिए भने नरेश कामैत ७ रन बनाउदै अविजित रहेका थिए । बलिङतर्फ पिसल्यान्डका प्रदिप दास ३ बिकेट र श्यामबाबु मण्डल १ बिकेट लिएका थिए ।

यस अघि टस जितेर पिसल्यान्ड स्कुलले निर्धारित २० ओभरको खेलमा १८ ओभर २ बलमा ८८ रनको योगफल खडा गरेका थिए । जसमा बरूणदेव गामी ३२ रन बनाउनु बाहेक कुनै पनि खेलाडी दोहोरो अंक पार गर्न सकेन ।

बलिङतर्फ लिटिल एन्जेल स्कुलका गोपाल मण्डल ३ बिकेट तथा शिव दास, निसान्त यादव र कर्णबहादुर बिक २/२ बिकेट लिएका थिए ।

खेलको म्यान अफ दि म्याच लिटिलका कर्णबहादुर बिक घोषित भएको थिए भने घोषित म्यान अफ दि म्याचलाई स्वेडेकका अध्यक्ष मिरा देवले कप प्रदान गरिन् ।

शुक्रबार क्रिकेट बिकास प्रतिष्ठान र पिसल्यान्ड स्कुल बिच हुने छ भने बिजय हुने टिमले शनिवार लिटिल एन्जेल स्कुलसँग फाईनल खेल खेल्ने प्रतिष्ठानका अध्यक्ष ई ईन्द्रनारायण देवले जानकारी दिए ।

# ज्येष्ठ सदस्य न्यौपानेलाई शपथ

**दैनिक समाचारदाता**
**जनकपुर, १४ पुस ।**

मधेस प्रदेशसभाका ज्येष्ठ सदस्य गोविन्दबहादुर न्यौपानेले बिहीबार पद तथा गोपनीयताको शपथ लिएका छन् । प्रदेश प्रमुख हरिशङ्कर मिश्रले उनलाई शपथ गराएका हुन् ।

नेकपा (एकीकृत समाजवादी)का तर्फबाट सप्तरी निर्वाचन क्षेत्र नं ४ (१) बाट निर्वाचित न्यौपाने एक सय सात सदस्यीय मधेस प्रदेशसभामा सबैभन्दा ज्येष्ठ सदस्य हुन । नेपालको संविधानको धारा १८२ को उपधारा (५), प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७५ बमोजिम ज्येष्ठ सदस्यको हैसियतले प्रदेशसभाको अध्यक्षता गर्ने प्रावधान छ ।

ज्येष्ठ सदस्य न्यौपानेले शुक्रबार बाँकी प्रदेशसभा सदस्यहरूलाई पद तथा गोपनीयताको शपथग्रहण गराउने कार्यक्रम छ ।



## अत्याधुनिक ओसिटी...

समस्या आउने हुन्छ । जसले गर्दा बिरामीको नजिक तथा टाढाको वस्तु हेर्न समस्या आउनजान्छ । जसलाई मायोपिया भन्ने गरिन्छ ।

पूर्णरुपमा मेशिन सञ्चालनमा आएसँगै अब अस्पतालबाट सेवा लिन आउने बिरामीलाई बाहिर जानु पर्ने बाध्यता समेत हटेको छ भने अन्य जिल्लाका बिरामीले समेत सजिलै सर्वसुलभ दरमा सेवा लिन सक्ने अस्पतालका प्रबन्धक अफाक अनवरले बताए ।

आउँदो केही वर्षमा यस्ता बिरामीको संख्या संसारमै दोब्बर हुने अनुमान बिभिन्न आँखाको रिसर्चले देखाएको छ । मायोपिया अवस्थालाई समयमै पत्ता लगाई यसको निदानका लागि हालसम्म कै अत्याधुनिक मेशिन मायोपिया प्रोगेसिभ हैन्डविथ पैचिमेट्री पनि अस्पतालले ओसिटि सँग सँगै जडान गरेको छ ।

यसको प्रयोगबाट राजविराज आसपासका बिरामी बिशेषगरी बालिबालिकाको आँखामा देखापर्ने यस्ता रोग समयमै पत्ता लगाई उपचार गर्न सकिन्छ ।

यसरी स्थापनाको केही महिनामै अस्पतालले बिरामीका लागि बिभिन्न खाले अत्याधुनिक मेशिन जडान गरी सहुलियत दरमा गुणस्तरीय सेवा प्रवाह गर्नु सप्तरीवासीको लागि हर्षको कुरा हो । अहिले अस्पतालले दैनिक सरदर एक सयभन्दा बढी बिरामीको आँखा परीक्षण गर्न सफल भएको छ । यस्तै अस्पतालले छिटै आँखाको नानीको प्रत्यारोपण सेवा समेत सुचारु गर्ने तयारी गरेको छ ।


**जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?**

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध बनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**

**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**

**जाडो मौसममा सवारी दुर्घटनाको जोखिम बढी हुनसक्छ ।**
- सावधानीपूर्वक सवारी साधन चलाऔं ।
- हुस्सु, कुहिरो, शीतलहरको बेला बत्ति बालेरमात्र सवारी साधन चलाऔं ।
- सवारी साधन चलाउँदा मादक पदार्थ सेवन नगरौं ।
- सवारी चालकले मादक पदार्थ सेवन गरेको शंका लागेमा प्रहरीको निःशुल्क टेलिफोन नं १०० र १०३ मा खबर गरौं ।

आफू पनि बचौं, अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit | City Express Money Transfer | Best Remit | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*